# लोमन्थाङ राजपत्र

**लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : (९) लोमन्थाङ, मुस्ताङ, भदौ २० गते, २०८२ साल (संख्या :९)

# भाग-२

## लोमन्थाङ गाउँपालिका गुम्बा विद्यालयमा लोबा/भोट भाषा शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

**गाउँ कार्यापालिकाबाट मिति २०८२।५।२० मा स्वीकृत**

**प्रस्तावनाः**

लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका गुम्बा विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय लोवा/भोट भाषा, लिपि तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न प्रत्येक गुम्बा विद्यालयमा एक-एक जना भाषा शिक्षकको दरबन्दी व्यवस्था गरी निजहरूको पारिश्रमिक तथा सुविधा गाउँपालिकाबाट उपलब्ध गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) तथा दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लोमन्थाङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद - १ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**लोमन्थाङ गाउँपालिका गुम्बा विद्यालयमा लोवा/भोट भाषा शिक्षक व्यवस्थापन कार्यविधि, २०८२** रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएकै मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"गाउँपालिका"** भन्नाले लोमन्थाङ गाउँपालिका सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले लोमन्थाङ गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) **"गुम्बा विद्यालय"** भन्नाले गाउँपालिकाभित्र सञ्चालनमा रहेका, नियमानुसार दर्ता वा सूचीकृत भई परम्परागत बौद्ध दर्शन र शिक्षा प्रदान गर्दै आएका गुम्बा/छोइडा/विहारहरू सम्झनु पर्छ।

(घ) **"भाषा शिक्षक"** भन्नाले यस कार्यविधि बमोजिम लोवा/भोट भाषा शिक्षणका लागि गुम्बा विद्यालयमा छनोट वा नियुक्त हुने शिक्षक सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले दफा ५ बमोजिम गठित शिक्षक छनोट समिति सम्झनु पर्छ।

## परिच्छेद - २ः गुम्बा विद्यालय योग्यता र दरबन्दी स्वीकृति

**३. भाषा शिक्षक दरबन्दीको व्यवस्थाः**

(१) गाउँपालिकाभित्र नियमानुसार सञ्चालनमा रहेका प्रत्येक योग्य गुम्बा विद्यालयमा लोवा/भोट भाषा पठनपाठनका लागि **१ (एक) जना** भाषा शिक्षकको अनुदान दरबन्दी कायम गरिनेछ।

(२) शिक्षकको न्यूनतम योग्यताः

लोमन्थाङ गाउँपालिका

- मान्यता प्राप्त शैक्षिक संस्था वा परम्परागत बौद्ध अध्ययन संस्थानबाट कम्तीमा आठ कक्षा (वा सो सरहको सम्भोटा/भोट शिक्षा) उत्तीर्ण गरेको।
- लोवा/भोट भाषा, सम्भोटा लिपि र स्थानीय संस्कृतिसम्बन्धी विशेषाधिकार वा ज्ञान भएको।
- उमेरः २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

## परिच्छेद - ३ः शिक्षक छनोट तथा नियुक्ति प्रक्रिया

**४. शिक्षक छनोट समितिः**

गुम्बा विद्यालयका लागि भाषा शिक्षक छनोट गर्न गुम्बा विद्यालय व्यवस्थापन समिति रहनेछ।

**५. छनोट प्रक्रियाः**

(१) गुम्बा विद्यालयले कम्तीमा १५ दिनको सूचना जारी गरी आवेदन आह्वान गर्नेछ।

(२) छनोट समितिले उम्मेदवारको लिखित, प्रयोगात्मक (सम्भोटा लिपि लेखन/वाचन) र अन्तर्वार्ताको आधारमा योग्यताक्रम सूची तयार गर्नेछ।

(३) छनोट भएको उम्मेदवारलाई सम्बन्धित गुम्बा विद्यालयमा कामकाज गर्ने गरी गाउँपालिकाले नियुक्ति/अनुदान स्वीकृत पत्र प्रदान गर्नेछ।

## परिच्छेद - ४ः सेवाको सर्त, तलब तथा सुविधा

**६. पारिश्रमिक तथा भत्ताः**

(१) भाषा शिक्षकलाई गाउँपालिकाले तोकेको मासिक/एकमुष्ट पारिश्रमिक (वा प्राथमिक तहको करार शिक्षक सरह) उपलब्ध गराइनेछ।

(२) चाडपर्व खर्च तथा अन्य सुविधा गाउँपालिकाको वार्षिक स्वीकृत बजेट र निर्णय बमोजिम हुनेछ।

लोमन्थाङ गाउँपालिका

(३) पारिश्रमिक भुक्तानी सम्बन्धित गुम्बा विद्यालयको खातामा अनुदान रकमका रूपमा निकासा गरी वा सिधै शिक्षकको बैंक खातामा त्रैमासिक/चौमासिक/मासिक/अर्धवार्षिक/वार्षिक रूपमा जम्मा गरिनेछ।

**७. करार अवधिः**

(१) भाषा शिक्षकको सेवा अवधि **१ (एक) आर्थिक वर्षको** हुनेछ।

(२) कार्यसम्पादन मूल्याङ्कन, गुम्बा व्यवस्थापन समितिको सिफारिसका आधारमा प्रत्येक वर्ष सेवा नवीकरण गर्न सकिनेछ।

## परिच्छेद - ५ः अनुगमन, मूल्याङ्कन तथा बजेट व्यवस्था

**८. अनुगमन तथा नियमनः**

(१) गुम्बा विद्यालयमा भाषा पठनपाठन नियमित भए/नभएको अनुगमन गर्ने दायित्व गाउँपालिका शिक्षा शाखा र सम्बन्धित वडा कार्यालयको हुनेछ।

(२) शिक्षकले प्रत्येक महिनाको हाजिरी विवरण र कार्यसम्पादन प्रतिवेदन गुम्बा व्यवस्थापन समितिको प्रमाणितसहित गाउँपालिकामा पेश गर्नु पर्नेछ।

**९. बजेट व्यवस्थाः**

यो कार्यविधि कार्यान्वयनका लागि आवश्यक पर्ने सम्पूर्ण रकम गाउँपालिकाको वार्षिक बजेटमा **"गुम्बा विद्यालय शिक्षक अनुदान, गुम्बा भाषा/सांस्कृतिक संरक्षण अनुदान"** शीर्षकअन्तर्गत विनियोजन गरिनेछ।

## परिच्छेद - ६ः विविध

**१०. दरबन्दी खारेजी वा रद्दताः**

सम्बन्धित गुम्बा विद्यालय बन्द भएमा, विद्यार्थी संख्या न्यून भई पठनपाठन ठप्प भएमा वा शिक्षकको आचरण प्रतिकूल भएमा गाउँपालिकाले जुनसुकै बखत सो दरबन्दी वा नियुक्ति रद्द गर्न सक्नेछ।

**११. बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधि कार्यान्वयनमा कुनै दुविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

आज्ञाले
बिकाश के.सी.
प्रमुख प्रशासकीय अधिकृत

लोमन्थाङ गाउँपालिका